nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष :११, अंक : २२ पृष्ठ ४ । सोमबार,२३ भदौ २०८२ । MONDAY, SEPTEMBER 08, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## नेपाली कांग्रेसका नेता मो. साहाबुदिनका छोरा ठाकुरराम क्याम्पस परिसरबाट पक्राउ



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, २२ भदौ ।***

वीरगंजमा बुवाको ठाउँमा परीक्षा दिइरहेका छोरा पक्राउ परेका छन् । वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको परीक्षामा सहभागी रहेका एक परीक्षार्थीलाई प्रहरीले परीक्षाहलमै नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका नक्कली परिक्षार्थी नेपाली कांग्रेस पर्सा क्षेत्र नं. २ का सभापति मो. सहाबुदिनका छोरा मोहम्मद अफताब रहेको स्रोतले दाबी गरेको छ । प्रारम्भिक जानकारी अनुसार, उनी बुवाको नाममा परीक्षा दिइरहेका बेला प्रहरीले चेकजाँच गर्दा घटनाको खुलासा भएको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी गौतम मिश्रले उनलाई नियन्त्रणमा लिएर हाल प्रहरी कार्यालयमै राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिनुभयो । पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आफूले पनि यस विषयमा प्रारम्भिक जानकारी पाएको बताए ।

उनका अनुसार परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने जिम्मेवारी मुख्य रूपमा क्याम्पस प्रशासनकै हो । तर, यसरी नक्कली विद्यार्थी परीक्षा हलमा प्रवेश गर्न सफल हुनु गम्भीर विषय भएकाले हाल जाँचबुझ भइरहेको उनले बताए । प्रजिअ सुवेदीले थपे, "अनुसन्धानको पूर्ण विवरण आएपछि मात्र कस्तो मुद्दा दर्ता गर्ने भन्ने विषयमा स्पष्ट हुनेछ । क्याम्पस प्रशासनले घटनाबारे आफ्नो प्रतिवेदन दिएको खण्डमा धेरै कुरा प्रस्ट हुनेछन् ।"

## पोखरियामा हैजा संक्रमित बढ्दै, बीरगन्जमा स्थिर



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, २२ भदौ ।***

पर्साको हैजा संक्रमण दुई साताभन्दा लामो अवधिमा वीरगन्जमा स्थिर रहँदै आएको छ भने पोखरियामा क्रमिक रूपमा वृद्धि हुँदैछ । जिल्लाका ग्रामीण भेगका बिरामी उपचारका लागि पोखरिया अस्पताल पुगेका छन् । अस्पतालका तथ्यांकअनुसार पछिल्लो २४ घण्टामा पोखरिया अस्पतालमा २ जना हैजा संक्रमित थपिएका छन् । यससँगै पोखरिया अस्पतालमा उपचाररत संक्रमितको संख्या १६ पुगेको छ । वीरगन्जमा भने हालसम्म संक्रमण स्थिर छ । जिल्ला स्वास्थ्य कार्यालयले आइतबार बिहान सार्वजनिक गरेको तथ्यांकअनुसार वीरगन्जमा संक्रमितको संख्या १९२ कायम रहेको छ । बीरगन्ज र पोखरियामा हालसम्म कुल हैजा संक्रमितको संख्या २ सय ८ पुगेको छ । तीमध्ये १० जना अझै उपचाररत छन् भने १९८ जना डिस्चार्ज भई घर फर्किसकेका छन् । साथै, झाडापखाला र हैजाका १ हजार १ सय १६ जना बिरामी अस्पताल तथा स्वास्थ्य संस्थामा भर्ना भएका थिए । तीमध्ये १ हजार ३७ जनाले उपचारपछि घर फर्केका छन् । बाँकी ७९ जना उपचाररत छन्, जसमा ५ जना आईसीयू, १ जना एचडीयू र ७३ जना जनरल वार्डमा भर्ना छन् । पछिल्लो २४ घण्टामा झाडापखाला र हैजाका ३९ नयाँ बिरामी थपिएका छन् । स्वास्थ्य अधिकारीहरूले जनतालाई सरसफाइ, शुद्ध पानीको प्रयोग र सुरक्षित खानपानमा ध्यान दिन आग्रह गरेका छन् ।

## बीरगन्ज-१५ मा लायन्स क्लबद्वारा हैजा रोकथाम तथा जनचेतना कार्यक्रम सम्पन्न




**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, २२ भदौ ।***

लायन्स क्लब अफ बीरगन्ज सेन्ट्रल सिटी, लायन्स क्लब अफ बीरगन्ज परिवार र लायन्स क्लब अफ बीरगन्ज प्रभुको संयुक्त आयोजनामा बीरगन्ज महानगरपालिका-१५ नम्बर वार्डमा हैजा रोग रोकथाम तथा सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता सेन्ट्रल सिटीकी अध्यक्ष लायन सुशिला साहले गर्नुभएको थियो भने प्रमुख अतिथि वडा नं. १५ का अध्यक्ष रमेश यादव रहनुभएको थियो । कार्यक्रममा परिवारका अध्यक्ष लायन नरोत्तम पाण्डे, प्रभु क्लबका अध्यक्ष र विभिन्न समाजसेवी तथा लायन्स सदस्यहरूको पनि सहभागिता रहेको थियो । अतिथिहरूमध्ये अशोक बेरिवाल, लायन उमेश साह कानु, लायन उमेश शर्मा, लायन श्याम गुप्ता, लायन देवन्ती साह, लायन दिगम्बर गुप्ता र लायन कविता खड्का विशेष उपस्थितिमा रहेका थिए । जनचेतनामूलक कार्यक्रमको औपचारिक सत्रपछि टोली घर-घर पुगेर हैजा तथा झाडापखालाबाट बच्ने उपाय, स्वच्छ खानेपानीको प्रयोग, हात धुने सही तरिका र सरसफाइ सम्बन्धी जानकारी प्रदान गरिएको थियो । साथै,

बाँकी तेश्रो पृष्ठमा⇨

## मधेस विश्वविद्यालयको तेस्रो वार्षिकोत्सवमा नि:शुल्क आँखा तथा दन्त शिविर सम्पन्न





**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, २२ भदौ ।***

मधेस विश्वविद्यालयले आफ्नो स्थापनाको तेस्रो वार्षिकोत्सवको अवसरमा आइतबार विश्वविद्यालय प्राङ्गणमा नि:शुल्क आँखा तथा दन्त स्वास्थ्य शिविर सम्पन्न गरेको छ । विश्वविद्यालयका विद्यार्थी, शिक्षक र अभिभावकसहित दुई सयभन्दा बढी व्यक्तिहरूले शिविरमार्फत लाभ लिएका छन् । विश्वविद्यालयका रजिस्ट्रार विजय यादवले बताए अनुसार, वार्षिकोत्सवको अवसर पारेर सामाजिक उत्तरदायित्व कार्यक्रमको श्रृङ्खला सञ्चालन भइरहेको छ । सो श्रृङ्खलाअन्तर्गत पहिलो दिन निस्शुल्क स्वास्थ्य शिविर र सरसफाइ कार्यक्रम आयोजना गरिएको हो । "हाम्रो उद्देश्य शिक्षासँगै स्वास्थ्य र सरसफाइमा पनि समुदायलाई सहयोग पुर्‍याउनु हो," रजिस्ट्रार यादवले भने । शिविरमा बीरगन्ज डेन्टल क्लिनिक तथा इम्प्लान्ट सेन्टरका दन्त विशेषज्ञ डा । रेयाजुल हकको नेतृत्वमा ७० जनाभन्दा बढी विद्यार्थीहरूको दन्त परीक्षण गरिएको थियो । परीक्षणमा सामान्यदेखि जटिल दन्त समस्या पाइएको र आवश्यक परामर्शका साथै गम्भीर समस्या भएका विद्यार्थीहरूलाई थप उपचारका लागि क्लिनिकमा

बाँकी तेश्रो पृष्ठमा⇨

## सामाजिक सञ्जाल प्रतिबन्ध भएपछि गुगलमा केके खोजी भयो ?




***काठमाडौं, २२ भदौ ।***

सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेसँगै गुगलमा भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) सर्च गर्नेहरूको संख्यामा बढ्दै गएको देखिन्छ । सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेकसँगै भीपीएन लगायतका शब्दरुहरुको खोजी बढेको हो । गुगल ट्रेन्डमा पछिल्लो एक हप्ताको ग्राफ हेर्दा भीपीएन, डोमेन नेम सिस्टम (डीएनएस) लगायतका शब्दहरूको खोजी ह्वात्तै बढेको देखिन्छ । सेप्टेम्बर ३ कै दिन देखि सामाजिक सञ्जाल बन्द हुने हल्लाखल्ला चलेपछि भीपीएनको सर्च बढेको हो । सरकारले सेप्टेम्बर ४ तारिकका दिन फेसबुक, युट्युब, इन्स्टाग्रामसहित २६ वटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने निर्णय गरेलगत्तै भीपीएनको खोजी गर्नेहरुको संख्या ह्वात्तै बढेको देखिन्छ । गुगल ट्रेन्डका अनुसार ४ सेप्टेम्बर दिउँसो १ बजे ८ पटक भीपीएन शब्दको प्रयोग गरेर खोजी भएको थियो भने त्यो संख्या बढेर अहिलेसम्म १०० मा पुगिसकेको छ । यो सामग्री तयार पार्दै गर्दा तलौका, चापागाउँ, चाँगुनारायण, अनन्तलिंगेश्वर, महालक्ष्मी लगायतका क्षेत्रमा भीपीएन शब्दको बढी खोजी भएको देखिन्छ । ग्राफ हेर्दा यो यत्तिकै रोकिने देखिँदैन । भीपीएनसँगै, प्रोटोन मेल,

बाँकी तेश्रो पृष्ठमा⇨

## भन्सार छलीका समानसहित युवक पक्राउ

***जनकपुर, २२ भदौ ।***

भारतबाट भन्सार छली गरी ल्याइएका लत्ताकपडा र दुई वटा मोटरसाइकलसहित एक युवकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ । गोलबजार नगरपालिका-६ गुम्बाचोक नजिक शनिबार बिहान गस्तीमा रहेको सशस्त्र प्रहरी बल नम्बर ७ गण सिरहाको टोलीले सुखीपुर नगरपालिका-७ सिसवा निवासी २२ वर्षीय रामकुमार यादवलाई नियन्त्रणमा लिएको हो । उनसँगै रहेका अर्को मोटरसाइकल

बाँकी तेश्रो पृष्ठमा⇨

## हैजा नियन्त्रणका लागि सेनाको प्यारामेडिक चिकित्सक



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज, २२ भदौ ।***

जिल्लामा देखापरेको हैजा संक्रमण नियन्त्रण र प्रभावित स्थानीयवासीको उपचारलाई थप प्रभावकारी बनाउन नारायणी अस्पतालमा नेपाली सेनाको वीरगन्जस्थित श्रीजंग गणबाट प्यारामेडिक चिकित्सकहरू खटिरहेका छन् । गणबाट चारजना प्यारामेडिक चिकित्सक बिहीबारदेखि अस्पतालमा खटिएका हुन् । गणका प्रमुख कर्नेल लोकेन्द्र कार्कीका अनुसार हाल हैजाको कारण सिर्जित आपतकालीन स्वास्थ्य चुनौतीलाई मध्यनजर गर्दै तत्काललाई चिकित्सक टोली पठाइएको हो । अस्पताल प्रशासनबाट रातको समयमा खटिने स्वास्थ्यकर्मीको अभाव रहेको जानकारी पाएपछि सेनाले आफ्नो टोली पठाएको उनले बताए । सेनाको सहकार्यबाट जिल्लामा हैजा नियन्त्रणमा महत्त्वपूर्ण टेवा पुग्ने उनले विश्वास व्यक्त गरे । सेनाको चिकित्सक टोलीले अस्पतालमा उपचाररत बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने उनले दाबी गरे । आवश्यक परेको खण्डमा १५ देखि २० जनाको चिकित्सकसहितको टोली तयारी अवस्था रहेको कार्कीले बताए । 'हामीसँग गणमै चिकित्सकसहितको १५ देखि २० जनाको चिकित्सक टोली तयारी अवस्थामा रहेको छ,' उनले भने,

बाँकी तेश्रो पृष्ठमा⇨

## बाघ आतंक : च्याउ टिप्न गएका वृद्धको मृत्यु

***बीरगन्ज, २२ भदौ ।***

बारामा नरभक्षी बाघको आक्रमणमा परेका ६० वर्षीय छेवाङ्ग लामाको मृत्यु भएको छ । जीतपुर सिमरा-१ निवासी लामाको आज बिहान प्रगतिशील सामुदायिक वनमा च्याउ टिप्न गएका बेला बाघले आक्रमण गरेको थियो । प्रहरीका अनुसार, घटना बिहान करिब ७ बजे भएको थियो र स्थानीयले देखेपछि तुरुन्त प्रहरीलाई जानकारी दिएका थिए । इलाका प्रहरी कार्यालय सिमराका प्रमुख वेद प्रकाश जोशीका अनुसार लामाको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैया पठाइएको छ । यो घटनासँगै पछिल्लो दुई महिनामा बारामा नरभक्षी बाघको आक्रमणबाट मृत्यु हुनेको संख्या चार पुगेको छ । यसअघि अम्लेखगञ्जमा तीनजना स्थानीय बाघको आक्रमणमा परेर ज्यान गुमाइसकेका छन् ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## लोकतन्त्रको ऐना देखाऊ

लोकतन्त्र र लोकतान्त्रिक अभ्यास कुनै विधि र विधानमा लेखेर हुने विषय होइन । व्यक्तिका व्यवहार र आचरणमा लोकतान्त्रिक मूल्य र मान्यताको प्रतिविम्ब छ वा छैन भन्ने विषयले सम्बन्धित समाज, समूह, संगठनको चरित्र प्रदर्शित गर्दछ । यस्तो विषयमा मुलुककै नेतृत्व गरिरहेका राजनीतिक दलहरू, नेता र जनप्रतिनिधिहरूले विशेष ख्याल गर्नुपर्छ । किनभने, उनीहरूका क्रियाकलापले कस्तो समाज निर्माण गर्ने भनेर तय गरिरहेको छ । यसअनुरूपको व्यवहार प्रदर्शित भइरहेको छ वा छैन भनेर सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेको क्रियाकलापलाई हेर्दा आन्तरिक लोकतन्त्र कमजोर देखिन्छ । समाजमा फरक-फरक विचार हुन्छन् र सबैका तर्क सुनेर अधिकतम तर्क र विश्वासयोग्य विचारलाई अगाडि बढाउने लोकतान्त्रिक अभ्यास हो । तर एमालेभित्र फरक मतले औपचारिकतासमेत पाउन नसकेको अवस्था छ । सरकारको नेतृत्व गरिरहेको दल एमाले आफ्नो पार्टी कस्तो बनाउने भनेर विधि बनाउने कार्यमा छ । जसले पार्टीको आगामी नयाँ नेतृत्वले गर्ने कामसमेत निर्देशित गर्दछ । अब हुने संघ, प्रदेश र स्थानीय तहको नेतृत्व चयनको विषयको नैतिक आधार तयार पार्नेछ । नेतृत्वमा कस्ता व्यक्ति आउन पाउने र नपाउने भन्ने तय गर्दछ । अर्थात, एमालेले कस्तो नेतृत्व चयन गर्ने भनेर विधि बनाउँछ त्यस्तै नेतृत्व र जनप्रतिनिधि मुलुकले पाउने अवस्था बन्दछ । यो कोणबाट हेर्दा एमालेको विधान महाधिवेशन नेपाली समाजकै लागि महत्वपूर्ण छ । यति महत्वपूर्ण महाधिवेशनमा फरक मत राख्नेलाई भने संस्थापन पक्षले नसुन्ने वातावरण बनाइँदैछ । स्थायी कमिटी सदस्य कर्ण थापाले नेतृत्वमा उमेरहद लागू गर्नुपर्ने, नेतृत्वमा दुई भन्दा बढी अवसर दिन नहुने, एकै निर्वाचन क्षेत्रबाट दुई पटक मात्रै सांसद्को उम्मेदवार हुन पाउने जस्ता विषयमा फरक मत राख्न खोजेका थिए । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण हुनुपर्ने विषयमा पनि उनको आडान छ । तर फरक मत नै नसुन्ने प्रवृत्ति महाधिवेशन स्थलमा देखा परेको छ । अध्यक्ष केपी शर्मा ओलीले नै आफ्ना विचार प्रतिनिधिहरूलाई बाँड्न दिएको भएपनि औपचारिक रूपमा प्रस्ताव राखिराख्न आवश्यक नरहेको भनेर फरक मतलाई स्थन दिएनन् । हेर्दा एउटा पार्टीको महाधिवेशनको विषय जस्तो लागेता पनि त्यसले समाजलाई नै प्रभावित पार्ने विषय नकार्न सकिन्न । मुलुकको नेतृत्व फेरि पनि गर्ने गरी अगाडि बढिरहेको उद्धोष गर्दै आएको पार्टीको विधान कस्तो बन्छ त्यस्तै जनप्रतिनिधि उक्त पार्टीबाट आउँछन् ।

# दलालतन्त्रको व्यूहमा राजनीति

**किशोर नेपाल**

नेपालमा विश्व बैंकका प्रमुखका रूपमा काम गरिसकेका केन ओहासी गणतन्त्र स्थापनापछि काठमाडौं आएका समयमा उनीसँग नेपालको विकासबारे छलफल गर्ने अवसर मिलेको थियो । उनले भनेका थिए, 'नेपालमा ठूलो परिवर्तन आयो । यो खुसीको कुरा हो । तर, मेरो अनुभवमा नेपालको विकासका लागि मूल रूपले यहाँको राजनीति नै अवरोधक बनेको छ ।' ओहासीको भनाइ थियो, 'मैले बुझेसम्म २००७ सालसम्म नेपाली जनताले 'इलिट' हरूको सानो वर्गलाई कर बुझाउने गर्दथे । राणा शासनको समाप्ति र प्रजातन्त्रको स्थापनापछि इलिटहरूको त्यो सानो वर्ग निकै ठूलो समूहका रूपमा विस्तारित हुन थाल्यो । जनताले बुझाएको करको व्यवस्थापन तिनकै हातमा जान थाल्यो । यो विस्तारित इलिट वर्गमा राजनीतिज्ञहरू, सरकारी सेवामा लागेका व्यक्तिहरू र विभिन्न व्यावसायिकहरू पर्दछन् । नेपालको राजनीति यिनै इलिटहरूको व्यक्तिगत आम्दानीको खेलमा फसेको छ । सरकारको प्रयोग जनताले तिरेको तिरो, भाडा-भरोट र वस्तुको कमिसन खानेहरूको 'उपकरण' का रूपमा भएको छ । सरकार जनतालाई सार्वजनिक सेवा उपलब्ध गराउने प्रभावकारी हतियार बन्न सकेको छैन । राष्ट्रिय पुँजीको चोरी बढेको छ । सरकारका संयन्त्रहरू कमजोर छन् । तिनले काम गर्न सकेका छैनन् । सरकार दलालहरूको बलियो घेरामा परेको छ ।' उनका अनुसार अहिले राज्यसत्ताको



वृत्तमा रहेका व्यक्तिहरूको हृदय परिवर्तन होला भन्ने आशा गर्न सकिँदैन । ती दलालतन्त्रको चक्रव्यूहमा फसिसकेका छन् । केनका यी भनाइ यथार्थपरक थिए । जनमत संग्रहका समयमा बीपी आफ्ना कार्यकर्तालाई 'सुकिला-मुकिला भुइँफुट्टा' वर्गसँग जोगिनुपर्ने सुझाव दिनुहुन्थ्यो । उहाँ प्रभुत्ववादीहरूलाई सत्तामा हावी हुन नदिन कार्यकर्तालाई सचेत गराउनुहुन्थ्यो । बीपीले तीन दशकअगाडि बताउनुभएको सत्यलाई गणतन्त्र आइसकेको समयमा पनि राष्ट्रिय पुँजीको चोरी निर्बाध बढेको केनको विश्लेषणसँग असहमति सम्भव थिएन । यतिबेला त उनका विचार-विश्लेषणसँग असहमति झनै सम्भव छैन । हामी नेपालीले गौरव गर्ने गरेको हाम्रो इतिहास हामीले सोचेजति गौरवपूर्ण पनि छैन । नेपाली इतिहासका पानाहरूमा राज्यसत्ताको प्राप्ति र त्यसको दोहनका लागि हनुमानढोकास्थित राजदरबार परिसरमा राजाका भारदारहरूका बीच भएका अनेकौं हत्या र हिंसाका घटना अंकित भएका छन् । पृथ्वीनारायण शाहले विभिन्न टुक्रामा बाँडिएका भूभागलाई एकीकृत गरेर बृहत्तर नेपालको स्थापना गर्नु महत्त्वपूर्ण घटना थियो । उनले साँच्चै नै 'साना दुःखले आर्ज्याको' देश थिएन यो । त्यो गौरव उनका सन्ततिले त कायम राख्न सकेनन् भने सिधासादा जनताको त के हैसियत ! इतिहासको प्रारम्भदेखि नै नेपालको अवस्था विदिर्ण रहेको छ । पृथ्वीनारायण शाहका नाति रणबहादुर शाह महाराजाधिराजका रूपमा राजगद्दीमा बसेपछि उनको बौलट्ठी स्वभावका कारण शाहवंशीय राजाहरूको प्रतिष्ठा खस्किँदै गयो । उद्दण्ड र मनमौजी स्वभावका रणबहादुर शाहलाई भारदारहरूले नचाउन थाले । उनी कुशल शासक बन्न सकेनन् । रणबहादुर शाहकै पालादेखि नेपालको शासन-प्रशासनमा काजी-बडाकाजी, सेनाका जर्नेल-कर्नेल र साहु-महाजन र जमिन्दारहरूको प्रभाव बढ्न थाल्यो । भारदारहरूको स्वार्थ र कपटको राजनीतिका कारण राजाहरूको सम्मान ओझेलमा पर्दै गयो । नेपाल अधिराज्यको शासन दामोदर पाण्डे, माथवरसिंह थापा र भीमसेन थापालगायत त्यति बेलाका प्रभावशाली भारदारहरूको हातमा आयो । हनुमानढोका दरबार 'राजनीतिक' षड्यन्त्रको केन्द्रबिन्दु बन्यो । अन्ततः गद्दीनसीन राजाकी महारानीका प्रियतम् गगन सिंहको हत्यापछि भएको कोतपर्वमा विरोधीहरूलाई सखाप पारेर सत्तामा आए जंगबहादुर । उनले महाराजाहरूलाई खोपाको देउताका रूपमा राखेर देशको शासन चलाए । जंगबहादुरले आफ्ना भाइहरूलाई राज्यका उत्तराधिकारी बनाएर राणा शासनको प्रारम्भ गरे । राणाहरूको शासनको अन्त्य २००७ सालमा भएको जनक्रान्तिले गऱ्यो ।अहिले सत्ताको केन्द्रमा सक्रिय रहेका कांग्रेस, एमाले र माओवादीका नेताहरूले आफ्नो दलको राजनीतिमा प्रतिभाहरूलाई फुल्ने र फक्रिने अवसर दिएको एउटा पनि उदाहरण छैन राणा शासकहरूको समयमा सरकार सञ्चालनको वैधानिक र वैज्ञानिक पद्धति थिएन । देशका विभिन्न भूखण्डमा प्रशासन चलाउनका लागि शासकले आफ्ना विश्वासपात्रको चयन गर्दथे । काजी, बडाकाजी, जमिन्दार, लप्टन, जिम्मावाल, पटवारी लगायतका सयौं 'कारिन्दा' हरूको जमात देशको पूरै भूभागको देखरेख र उठ्ती-पुठ्थीमा खटिने गर्दथे । २००७ सालको क्रान्तिपछि शासन व्यवस्थाको स्वरूप बदलियो । तर, राणा शासनकालदेखिका पात्रहरूको प्रवृत्ति बदलिएन । ००७ सालका क्रान्तिकारीहरूको साथमा राजा त्रिभुवन त थिए । तर, जनतालाई राणातन्त्रको त्रासबाट मुक्त गर्नु

बाँकी तेश्रो पृष्ठमा

# ढ्यांग्रो र मन्त्रोच्चारणको लयमा चेपाङको छोनाम पर्व

**प्रताप विष्ट**

सबै जातजातिको आफ्नै भाषा, धर्म, संस्कृति र परम्परा हुने गर्छ । त्यो नै जातजातिको पहिचान पनि हो । त्यही नै मासिए अन्ततः जातै लोप हुने गर्छ । अन्वेषकहरूका अनुसार मकवानपुरको कुलेखानी इन्द्रसरोवर क्षेत्रमा बसोबास गर्ने 'फ्रि' भन्ने जाति अहिले लोप भइसकेको छ । नेपाल सरकारले सूचीकृत गरेका ५९ आदिवासी जनजातिमध्ये चेपाङ समुदाय मुलुककै सीमान्तकृत समुदाय हो । प्रकृति पूजकका रूपमा पहिचान बनाउँदै आएका चेपाङ समुदायका अगुवाहरू एक दशकदेखि आफ्नो भाषा, धर्म र संस्कृतिको जगेर्ना गर्न पहल गरिरहेका छन् । तर उनीहरूको प्रयासले गुणात्मक रूपमा परिणाम ल्याउन सकेको छैन । उनीहरूको धर्म र संस्कृतिमाथि अतिक्रमण जारी छ । त्यही क्रममा उनीहरूको भाषा र संस्कृति लोपोन्मुख अवस्थामा पुगेको हो । २०४६ सालको परिवर्तनपश्चात् चेपाङ समुदायका सचेत युवाहरू संगठित भएर नेपाल चेपाङ संघको स्थापना गरेका थिए । संघको २०५४ सालमा चितवनमा भएको तेस्रो अधिवेशनले 'हामी प्रजा होइनौं, चेपाङ हौं, अब सबैले चेपाङ लेख्ने' भनेर निर्णय गरेको थियो । यसअघि मकवानपुरको मनहरी ज्यामिरेमा २०३४ सालमा सम्पन्न प्रथम बृहत् चेपाङ सम्मेलनकी प्रमुख अतिथि एवं नेपाल रेडक्रस सोसाइटीकी केन्द्रीय अध्यक्ष तत्कालीन अधिराजकुमारी प्रिन्सेप शाहले 'आजदेखि तिमीहरू चेपाङ होइनौं, प्रजा भयौ' भनेसँगै चेपाङ समुदाय प्रजामा दरिएको थियो ।
अहिले चेपाङ समुदायले आफ्नै थर लेखे पनि आफ्नो भाषा, संस्कृति र परम्पराबाट उनीहरू टाढिँदै छन् । भाषा भए पनि उनीहरूको लिपि भने छैन । आफ्नो पहिचानको संरक्षण गर्न चेपाङ संघले गाउँ/गाउँमा भाषासम्बन्धी कक्षा पनि सञ्चालन गर्दै आएको छ । त्यतिमात्र होइन, संस्कृति र पहिचान जोगाउने उद्देश्यले चेपाङ समुदायको एक मात्र महत्त्वपूर्ण धार्मिक पर्व छोनाम (न्वागी) सामूहिक रूपमा मनाउँदै आएका छन् । प्रत्येक वर्षको भदौ २२ मा चेपाङ अगुवाहरू एकै स्थानमा जम्मा भएर सन्देशमूलक ढंगले न्वागी मनाउँछन् । यस वर्ष चितवनको इच्छाकामना गाउँपालिका–५ कालीखोलामा न्वागी मनाउने कार्यक्रम छ ।
आफ्नो धर्म, संस्कृति र रीतिरिवाजलाई जगेर्ना गर्ने उद्देश्यले न्वागी पर्वलाई घर, टोल, गाउँ हुँदै जिल्ला-जिल्लामा मनाउन थालेको नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले बताए । अन्य धर्मको अतिक्रमणले गर्दा भाषा, धर्म र संस्कृति जोगाउनै मुस्किल परिरहेको पनि उनले बताए । प्रकृति पूजकका रूपमा चिनिने चेपाङ जनजातिको २२ नाले वंशावली रहेको छ । त्यसै भएर भदौ २२ गते न्वागी पर्व अर्थात् छोनाम मनाउन थालेको अध्यक्ष गोविन्दरामले बताए । संघले एक दशकदेखि सामूहिक रूपमा न्वागी मनाउँदै आएको छ । चेपाङ समुदायको महत्त्वपूर्ण सांस्कृतिक पर्व न्वागीका दिन बागमती प्रदेश सरकारले प्रदेशका तीन जिल्लामा दुई वर्षदेखि सार्वजनिक बिदा दिँदै आएको छ । मकवानपुर, चितवन र धादिङ गरी तीन जिल्लामा प्रदेश सरकारले बिदा दिने गरेको हो । तीनै जिल्लामा चेपाङ समुदायको बाक्लो बसोबास छ । नेपाल चेपाङ संघको मागअनुसार बागमती प्रदेश सरकारको मन्त्रिपरिषद्ले २०७८ चैत ९ मा प्रदेशको चेपाङ बाहुल्य तीन जिल्लामा प्रत्येक वर्ष भदौ २२ मा सार्वजनिक बिदा दिने निर्णय गरेर प्रदेश राजपत्रमा प्रकाशित गरिसकेको छ । चेपाङ समुदायले पितृलाई नचढाई र पूजाआज नगरी नयाँ फलफूल र अन्नपात खान हुँदैन भन्ने धार्मिक मान्यता छ । उक्त न्वागी पर्वका दिन घैया धानको चामल, पिँडालु, निबुवालगायत अन्न र फलफूल भूमि र पितृलाई चढाउने गरिन्छ । रातभर नाचगान गरेर रमाइलो गर्ने चलन छ । वर्ष दिनमा कम्तीमा पनि नौ महिना जंगली कन्दमूल खाएर प्राण धान्दै आएको सीमान्तकृत चेपाङ समुदायले भदौ २२ मा मीठो मसिनो खाएर मुख फेर्ने गर्छन् । भीरपाखामा बस्ने यो जातिले पाखापखेरामा लगाएको मकैलगायत फलफूल भदौमा पाक्ने भएकाले उनीहरूले उक्त दिन न्वागी पर्व धुमधामसँग मनाउने गर्छन् । चेपाङ समुदायले नयाँ अन्न खाने दिनलाई छोनाम भन्ने गर्छन् । छोनाम पर्व चेपाङ समुदायको पहिचानसँग पनि जोडिएको धादिङ बेनीघाट रोराङ–९ स्थित शंखादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक तिलक चेपाङले बताए । छोनाम पर्वमा चेपाङका पुरोहित पान्दे झाँक्रीहरूले रातभर ढ्यांग्रो ठोकेर मन्त्रोच्चारण गरेर नयाँ अन्न देवता र पितृलाई चढाउँदै आफूहरूले पनि खाने गर्छन् । छोनाम पर्वलाई चेपाङ जातिले दसैं/तिहारभन्दा पनि ठूलो पर्वका रूपमा मनाउने गर्छन् । चेपाङ भाषामा छोनाम र अरू भाषामा न्वागी भनिने यो पर्वमा गाउँटोल र बस्तीमा रातभर भेला भएर सामूहिक रूपमा मनाउने गरिन्छ । यो चेपाङ जातिको सबैभन्दा ठूलो पर्व भएको संविधानसभा सदस्यसमेत रहेका गोविन्द चेपाङले बताए । खोलाको शिर र जंगलको पुछारमा बस्ने चेपाङ जातिको पाखो र भिरालो जमिनमा उत्पादन भएका मकै, धान, पिँडालु, घिरौंला तथा विभिन्न अमिलो फलफूल छोनामका पितृलाई चढाएर खाने चलन छ । छोनामका दिन एकपाखे ढ्यांग्रो ठोकेर झाँक्रीहरूले मन्त्रोच्चारण गर्छन् । छोनामका दिन यसरी ढ्यांग्रो ठोकिएन र मन्त्रोच्चारण गरिएन भने पितृ र देवता रिसाउने किंवदन्ती रहेको राक्सिराङ गापा-७ दामराङका ७१ वर्षीय पान्दे चन्द्रबहादुर चेपाङले बताए । उनका अनुसार यसरी विधि पुऱ्याएपछि मात्रै नयाँ अन्न र फलफूल खाने बाटो खुल्छ । विधि नपुऱ्याईकन आफूखुसी नयाँ अन्न खाएमा पितृ र देवताले दुःख दिने उनले सुनाए । चेपाङ समुदाय राप्ती नदी उत्तर, त्रिशूली पूर्व उठेको महाभारत पर्वत शृंखला वरिपरिका रैथाने बासिन्दा हुन् । मकवानपुरको पश्चिम, चितवनको उत्तर, धादिङको दक्षिणी भेगमा चेपाङ समुदायको बाक्लो बस्ती छ । चेपाङलाई भौगोलिक सिमानाले भन्दा पनि सामाजिक र सांस्कृतिक सिमानाले बाँधेको छ । विगतदेखि वर्तमानसम्मका शासकहरूले चेपाङलाई प्रशासनिक ढंगले विभाजित गर्दै आएका छन् । महाभारत पर्वत शृंखलाको उत्तरी र दक्षिणी भागको अति विकट क्षेत्रमा रहेका चेपाङ समुदायलाई एउटै गाउँपालिका, एउटै जिल्ला र एउटै प्रदेशमा नराखेर विभाजित गरिएको छ । 'हामीलाई बलियो र संगठित हुन दिइएको छैन, जसले गर्दा आफ्नो समुदायको हितमा काम गर्ने जनप्रतिनिधिसमेत छनोट गर्ने अवसरबाट वञ्चित हुँदै आएका छौं,' बागमती प्रदेशका पूर्वराज्यमन्त्री

बाँकी तेश्रो पृष्ठमा

# सामाजिक सञ्जाल बन्दले अनलाइन व्यवसाय ठप्प, सञ्चालक र श्रमिक मारमा

**जनकपुर,२२ भदौ ।**



सरकारले दर्ता नभएका सामाजिक सञ्जाल बन्द गरेपछि जनकपुरधामका अनलाइन व्यवसायी ठुलो मारमा परेका छन् । सूचना प्रविधिमा स्नातक गरेका सञ्जयकुमार चौधरी चार वर्षदेखि एमएम डिजिटल ग्यारेज सञ्चालन गर्दै आएका छन् ।

उनले ६ जना युवालाई रोजगारी दिएका छन् र ४० भन्दा बढी व्यवसायीलाई अनलाइन सेवा प्रदान गर्दै आएका थिए । तर सामाजिक सञ्जाल बन्द भएपछि उनका काम ठप्प भएका छन् । चौधरीका अनुसार दिनको १० हजार रुपैयाँ घाटा भइरहेको छ । "काम आउन छोडेको छ । अहिले तीन जनालाई मात्र अफिस बोलाएका छौं," उनले भने । उनका अनुसार फेसबुक, म्यासेन्जर, एक्सजस्ता प्लेटफर्म बन्द भएपछि प्रविधिमा आधारित साना व्यवसाय प्रभावित भएका छन् । एमएम डिजिटल ग्यारेज जस्तै "पठाओ नेपाल" पनि प्रभावित भएको छ । जनकपुर शाखाका प्रतिनिधि आलोककुमार मण्डलले भने, "सामाजिक सञ्जाल बन्द भएपछि पार्सल सेवा ठप्प भयो । ग्राहकसँग सम्पर्क टुट्दा काम आएन ।" अनलाइन व्यापार गर्ने इन्दु सिंहका अनुसार पनि सरकारको निर्णयले व्यापार ठप्प पारेको छ । "तीन दिनयता ग्राहकसँगको सम्पर्क टुटेपछि व्यापार ठप्प भयो," उनले भनिन् । अर्थशास्त्री सुरेन्द्र लाभले सरकारले यस्ता निर्णय कानुनी प्रक्रिया र विकल्पबिना गर्नु गलत भएको टिप्पणी गर्दै यसले बेरोजगारी बढाउने र देशको अर्थतन्त्रमा नकारात्मक असर पार्ने चेतावनी दिए । राजर्षिजनक विश्वविद्यालयका सहायक प्राध्यापक रजत पाण्डेले भने, "डिजिटल युगमा अभ्यस्त भइसकेका नागरिकको मुख थुन्नु र विकल्प नदिने काम ठीक छैन । यसले नागरिकको अधिकार हनन गरेको छ ।"

सार्वजनिक आलोचना र व्यवसायी-सञ्चालकको चिन्ता बढेपछि सरकारसँग सामाजिक सञ्जाल सञ्चालनका वैकल्पिक उपायको माग उठिरहेको छ ।

# जनताप्रति उतरदायी भएर सेवा प्रवाह गर्न कावा मुख्यमन्त्री यादवको निर्देशन

**जनकपुर,२२ भदौ ।**



मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री एवम भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादवले जनता प्रति उतरदायी भएर सेवा प्रवाह गर्न निजामती कर्मचारीलाई निर्देशन दिनुभएको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबार निजामती सेवा दिवस २०८२ को अवसरमा मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानून मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो । उहाँले भन्नुभयो, कर्मचारी र जनप्रतिनिधि एउटै रथमा सवार यात्री हौ । विकास र समृद्धिका लागि जनप्रतिनिधि जति जिम्मेवार हुन्छ त्यती नै कर्मचारी पनि जिम्मेवार हुनुपर्छ । कार्यवाहक मुख्यमन्त्री यादवले इमान्दारिता र निष्ठा पुर्वक काम गर्ने कर्मचारीलाई राज्यले सम्मान गर्ने भन्दै अगामी दिनमा उत्कृष्ट काम गर्ने कर्मचारीको फोटो नै कार्यालयमा झुण्डयाउने व्यवस्था लागु गर्नका लागि आग्रह गर्नुभयो । उहाँले कार्यालयहरुमा यस प्रकारको व्यवस्था भएमा अन्य कर्मचारीलाई पनि यस दिशा निर्देश गर्ने बताउनुभयो । उहाँले कर्मचारी र जनप्रतिनिधि दुवै इमान्दारिता र निष्ठा पुर्वक कामकाज गरेको खण्डमा देश समृद्धी तर्फ जानेमा वेर नलाग्ने बताउनुभयो । मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेलको अध्यक्षतामा भएको सो कार्यक्रममा गृह सञ्चार तथा कानून मन्त्रालयका सचिव विमल बराल , धनुषाका प्रमुख जिल्ला अधिकारी शंकर हरि आर्चाय,गृह सञ्चार तथा कानून मन्त्रालयका शाखा अधिकृत राधे शंकर पाल सहित विभिन्न ट्रेड युनियनका नेताहरुले आ आफनो मन्तव्य राख्नु भएको थियो । कार्यक्रम अघि विहान व्यवसायिक र सिर्जनशील प्रशासनः विकास ,समृद्धि र सुशासन नारा लेखिएको व्यानर सहित प्रभातफेरी सहितको र्‍याली निकालिएको थियो । जिल्ला प्रशासन कार्यालय धनुषाको प्राङ्गनवाट आज विहान निकालिएको प्रभातफेरी सहितको र्‍यालीमा चारवटै सुरक्षा निकाय अधिकारी ,विभिन्न कार्यालयका कर्मचारी र मधेश प्रदेशका विभिन्न मन्त्रालयका उच्च ओहदाका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# बजेट विवादपछि कांग्रेसले मधेश प्रदेश सरकारका चार मन्त्री फेर्ने तयारी

**जनकपुर,२२ भदौ ।**




नेपाली कांग्रेसले मधेश प्रदेश सरकारमा रहेका आफ्ना चार मन्त्री फेर्ने तयारी गरेको छ । संसदीय दलको आज बस्ने बैठकमा प्रदेश सरकारमा रहेका चार मन्त्रीलाई फिर्ता बोलाएर नयाँ मन्त्री नियुक्त गर्ने निर्णय हुने एक प्रदेश सांसदले जानकारी दिएका छन् । चालु आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा बिचौलियाको प्रभाव परेको आरोपपछि प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) सहित अन्य दलहरूले लामो समयदेखि प्रदेशसभाको बैठक अवरुद्ध गर्दै आएका छन् । उनीहरूले कांग्रेसबाट अर्थमन्त्री रहेका सुनिलकुमार यादवको राजीनामा माग्दै बजेट बहिष्कारसमेत गरेका थिए । अर्थमन्त्री यादवकै कारण पार्टीको छवि बिग्रिएको भन्दै कांग्रेसभित्र पनि उनको राजीनामाको माग उठ्दै आएको छ । यस्तो अवस्थामा एक मन्त्री मात्र हटाउँदा गलत सन्देश जाने भएकाले चारै मन्त्रीलाई फिर्ता बोलाउने तयारी गरिएको प्रदेश सांसदले बताए । हाल मधेश प्रदेश सरकारमा कांग्रेसबाट भूमि व्यवस्था तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्री, ऊर्जा, खानेपानी तथा सरसफाइमन्त्री शेषनारायण यादव, श्रम तथा यातायातमन्त्री कौशल किशोर यादव र अर्थमन्त्री सुनिलकुमार यादव कार्यरत छन् ।

# चन्द्रपुर बसपार्क सञ्चालन गर्न कार्यदल गठन

**रौतहट,२२ भदौ ।**



रौतहटको चन्द्रपुर नगरपालिकाले बसपार्क सञ्चालन गर्न कार्यदल गठन गरेको छ। बसपार्क निर्माण भए पनि बस व्यवसायीहरूले सुरक्षा र अन्य कारण देखाउँदै बसलाई बसपार्कमा राख्न असहमत देखिएपछि नगरपालिकाले यो निर्णय लिएको हो । नगरपालिकाका प्रमुख संजयकुमार काफ्लेका अनुसार पूर्व-पश्चिम राजमार्गको मुख्य चोक र गौर खण्डको सडकमा सार्वजनिक सवारी साधन राख्दा सडक अस्तव्यस्त बन्न थालेको छ । यसै कारण चन्द्रपुर नगरपालिका ४ का वडा अध्यक्ष रवि राना मगरको अध्यक्षतामा कार्यदल गठन गरिएको छ । कार्यदलमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख चन्द्रकला बराल सचिव रहेका छन् भने बस व्यवसायी र जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रतिनिधिहरू सदस्य छन् । कार्यदलले रुट निर्धारण, भाडादर, सुरक्षा व्यवस्थाका साथै तत्काल आवश्यक अन्य विषयमा प्रतिवेदन तयार पारेपछि बसपार्क व्यवस्थापन समिति ठेक्कामार्फत बसपार्क सञ्चालन गर्ने छ। समितिको अध्यक्ष नगरपालिका प्रमुख रहने व्यवस्था छ । बस व्यवसायी संघका अध्यक्ष रामाशङ्कर गिरीका अनुसार बसपार्क टाढा हुनु, राती इन्धन चोरीको सम्भावना, निस्कने र प्रवेश गर्ने बाटो एउटै हुनुजस्ता कारणले बस व्यवसायीले बसपार्क प्रयोगमा ढिलाइ गरेका छन् । तर इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुंगले बसपार्कमा सुरक्षाको कुनै समस्या नरहेको र प्रहरी आवश्यक तयारीमा रहेको जानकारी दिनुभयो । जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख लोकेन्द्र अधिकारीले सडकमा अव्यवस्थित बस पार्किङले दुर्घटनाको जोखिम बढाएको बताए । बसपार्क सञ्चालनमा आएपछि राजमार्गमा अव्यवस्थित पार्किङको समस्या हट्ने अपेक्षा गरिएको छ । सघन सहरी तथा भवन निर्माण आयोजना पर्सा, वीरगञ्जले फागुन १५ गते सुविधासम्पन्न बसपार्क निर्माण कार्य पूरा गरी चन्द्रपुर नगरपालिकालाई हस्तान्तरण गरिसकेको छ ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

# जनताको सन्देश बुझ्नुको सट्टा सन्देशवाहकलाई आक्रमण : नेता रिजाल

**काठमाडौं,२२ भदौ ।**

नेपाली कांग्रेसका केन्द्रीय सदस्य मीनेन्द्र रिजालले सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयलाई लोकतान्त्रिक मूल्य र नागरिक स्वतन्त्रतामाथिको आक्रमण भनेका छन् । शनिबार सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले सामाजिक सञ्जाल बन्द गर्नु हत्केलाले सूर्य छेक्ने प्रयास जस्तै भएको टिप्पणी गरे ।

"सरकार जनताको 'म्यासेज' बुझ्नुको सट्टा 'म्यासेन्जर' माथि आक्रमण गर्नेतर्फ लागेको छ," उनले भने । उनका अनुसार सामाजिक सञ्जाल लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रताको महत्त्वपूर्ण माध्यम हो, जसलाई बन्द गर्नु संविधान र बीपी कोइरालाले अघि सारेको उदार लोकतान्त्रिक विचारको विपरीत छ । रिजालले सामाजिक सञ्जालमा रहेका चुनौतीलाई सम्बोधन गर्न सरकारले पारदर्शी नीति, व्यवस्थित नियमन र अन्तर्राष्ट्रिय अभ्यासबाट सिक्ने पहल गर्नु पर्नेमा जोड दिए । "चुनौती पार गर्न सकिन्छ, तर माध्यम नै बन्द गर्नु समाधान होइन," उनले भने । सामाजिक सञ्जाल बन्दका कारण व्यवसाय, रोजगारी र संवादका माध्यम प्रभावित भएको भन्दै उनले यो निर्णय तत्काल फिर्ता लिन सरकारलाई सुझाव दिए ।

# मास्टर अफ सेरेमोनि तालिम सम्पन्न

**बीरगन्ज,२२ भदौ ।**

लायन्स क्लब बीरगन्ज परिवारले एरिया-३ का सदस्यहरूको क्षमता अभिवृद्धि गर्न दुई दिने मास्टर अफ सेरेमोनि (एमओसी) तालिमको पहिलो दिन सफलता पूर्वक सम्पन्न गरेको छ । कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष लायन नरोत्तम पाण्डेले गर्नुभएको थियो भने प्रमुख अतिथि पाण्डे रहनुभएको थियो । तालिममा सहभागी सदस्यहरूलाई चिफ लायन वासु तिमल्सिना र मनोज उपाध्यायले प्रशिक्षण प्रदान गर्नुभएको थियो ।वक्ताहरूले मास्टर अफ सेरेमोनि कार्यक्रमको "हृदय" भएको उल्लेख गर्दै यसले कुनै पनि कार्यक्रमलाई व्यवस्थित, आकर्षक र समयानुकूल बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए । तालिमले भाषा प्रयोग, प्रस्तुतीकरण शैली, अनुशासन तथा समय व्यवस्थापनका सीपहरूलाई अझ प्रभावकारी बनाउन सदस्यहरूलाई सक्षम बनाउने उद्देश्य राखेको छ ।त

सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार

❖सार्वजनिक निकायमा भएका सूचना माग्ने र पाउने हक प्रत्येक नागरिकलाई हुनेछ,
❖सूचना माग भएमा उपलब्ध गराउने दायित्व प्रत्येक निकायका पदाधिकारीको हुनेछ,
❖मागेको सूचना तोकिएको अवधिमा नपाएमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिनेछ,
❖नागरिकको सूचना माग्ने, पाउने हकको संरक्षण र प्रवर्द्धन गरौं।

राष्ट्रिय सूचना दिवस २०८२
भाद्र ३ गते भव्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा